आज मिति २०८२ साल मार्ग १४ गते विहान ११:०० बजे आईतबारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ६३ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | — |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | — |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| १ | श्री छविजंग मल्ल | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ३ | | | | |

## मिति २०८२/०८/१४ गतेको ६३ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

**प्रस्ताव नं.१**

यसपूर्वका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन समिक्षा सम्वन्धमा ।

**प्रस्ताव नं. २**

कर्णाली प्रदेश स्तरीय योजना प्रस्ताव तथा छनोट सम्बन्धमा ।

**प्रस्ताव नं. ३**

जलवायू परिवर्तनका लागि स्थानीय अनुकुलन योजनाका लागि (LACC Project) परियोजना व्यवस्थापन समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नं. ४**

स्थानीय तह स्वास्थ्य वीमा संयोजन समिति गठन सम्बन्धमा ।

**प्रस्ताव नं. ५**

ठाटीकाध गा पा वडा नं ४ दैलेख निवासी अविसरा वि क लाई आर्थिक सहयोग माग सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा यसपूर्वका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल गरियो र कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा कर्णाली प्रदेश सरकार आयोजनाको प्रस्ताव तथा छनोट प्रकृया सम्बन्धी दोश्रो संशोधन २०८२ मा आयोजना बैंकमा प्रविष्ट भएका योजना मात्र प्रदेश सरकारले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने कार्यान्वयन गर्ने व्यवस्था भएको हुँदा आगामी आ व २०८३।०८४ का मा प्रदेश सरकारबाट कार्यान्वयन गर्ने गरी आयोजना प्रस्ताव माग भई आएकाले सो प्रयोजनार्थ मिति २०८२ साल मार्ग २२ गतेभित्र अनिवार्य रुपमा सबै वडा कार्यालय र सरोकारवालाहरुबाट आयोजना प्रस्ताव भरी यस गाउँपालिकामा पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा जलवायू परिवर्तन स्थानीय अनुकुलन परियोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ को दफा १६ को उपदफा १ बमोजिम परियोजना व्यवस्थापन समिति गठन देहाय अनुसार गर्ने निर्णय गरियो ।

**तपसिल**

१) गाउँपालिका अध्यक्ष श्री रक्ष बहादुर शाह – अध्यक्ष
२) गाउँपालिका उपाध्यक्ष श्री देवीराम वडुवाल – सदस्य
३) महिला कार्यपालिका सदस्य श्री कल्पना कुमारी थापा – सदस्य
४) पूर्वाधार विकास समितिका संयोजक श्री केहरसिंह कठायत – सदस्य
५) आर्थिक विकास समितिका संयोजक श्री चक्र बहादुर वि क – सदस्य

६) प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी प्रसाद उपाध्याय – सदस्य

७) परियोजना प्राविधिक सहायता सल्लाहकार श्री – सदस्य

८) योजना तथा अनुगमन शाखा प्रमुख श्री नेम बहादुर खत्री – सदस्य सचिव

<u>निर्णय नं. ४</u>

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय तह स्वास्थ्य वीमा संयोजन समिति गठन र सञ्चालन नमुना कार्यविधि २०७८ वमोजिम परिछछेद २ को दफा १ वमोजिम देहाय अनुसार समिति गठन गरी सो को जानकारी स्वास्थ्य वीमा वोर्ड जिल्ला कार्यालयमा पठाउने निर्णय गरियो ।

<u>तपसिल</u>

१) गाउँपालिका अध्यक्ष श्री रक्ष बहादुर शाह – संयोजक

२) वडाध्यक्ष श्री भरत बहादुर वम – सदस्य

३) सोसेक नेपाल प्रतिनिधी – सदस्य

४) डा मनोज कुमार शाह – सदस्य

५) महिला स्वास्थ्य स्वयम् सेविका श्री विनिता खत्री – सदस्य

६) स्वास्थ्य शाखा प्रमुख श्री रविन्द्र बहादुर भण्डारी – सदस्य

७) स्वास्थ्य वीमा वोर्ड दर्ता अधिकारी श्री – सदस्य

८) प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी प्रसाद उपाध्याय – सदस्य सचिव

<u>निर्णय नं. ५</u>

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं ४ निवासी निम बहादुर वि क को श्रीमती अविसरा वि क को Severe Anaemia Bleeding Ulser in failure को अवस्था रहेको र निजको आर्थिक अवस्था समेत कमजोर देखिएको भनि ४ नं वडा कार्यालयको सिफारिस सहित निवेदन प्राप्त भएकाले निजलाई दीर्घरोगी नागरिकलाई स्वास्थ्य सहयोग शीर्षकबाट रु २५०००।– (पचिस हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

टाँटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्दे, कर्णाली

२०७८।८।१४

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत